नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

# वन तथा भू-संरक्षण विभाग

फोन नं.: ५३२७५७४

प्राप्त पत्र संख्या र मितिः-

पत्र संख्याः- ०८१/०८२

च. नं.:- ७३६

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला।

बबरमहल, काठमाडौं, नेपाल

मितिः २०८१/१०/१५

नेपाल सम्वत्: ११४५ पोहेलागा चतुर्दशी - २९

श्री डिभिजन वन कार्यालय, (८४ वटै)

**विषयः वन डढेलो नियन्त्रण तथा व्यवस्थापन सम्बन्धमा**

प्रस्तुत विषयमा हरेक वर्ष वन डढेलो वन संरक्षण तथा व्यवस्थापनका लागि एक विकराल समस्याको रुपमा रहेको हामी सबैलाई अवगत नै छ । बढ्दो तापक्रम, प्रतिकुल मौसम, वनमा रहेको ज्वलनशील पदार्थको उपस्थिति तथा भौगोलिक विकटताका कारण वन डढेलो नियन्त्रण र व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ र यहि अवस्थामा चालु आ.व. ०८१/८२ मा समेत यो चुनौती थपिन जाने देखिन्छ ।

यस आ.व. मा हिउंदे बर्षा नभएकोले जमीन सुख्खा र तापक्रम पनि वृद्धि भएको हुँदा वन डढेलो लाग्ने सम्भावना बढी भएको र केहि स्थानबाट वन डढेलो तथा वन क्षेत्रमा आगलागी भएको खबर प्राप्त हुन आएको हुँदा नियन्त्रण र व्यवस्थापनका लागि वन नियमावली २०७९ को नियम १२० मा भएका प्रावधानहरु तत्काल कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुहुन अनुरोध छ । सोही नियमको उपनियम (२) बमोजिम डिभिजनल वन अधिकृतले वन डढेलो नियन्त्रणका लागि स्थानीय प्रशासन र सुरक्षा निकायसँग आवश्यक समन्वय गरी वन डढेलो नियन्त्रणमा सहयोग लिनुहुन, उपनियम (३) अनुसार उपभोक्ता समुह प्रभावकारी रुपमा परिचालन गर्न र उपलब्ध औजार, सामाग्रीको अधिकतम परिचालन गर्ने व्यवस्था मिलाउनुहुन अनुरोध छ । साथै वन डढेलो व्यवस्थापनका लागि निरोधात्मक उपाय अवलम्बन गर्दै वन डढेलोवाट हुने जन, वन, धनको क्षति न्यूनिकरण गर्नका लागि जनचेतना जागरण गर्ने अभिप्रायका साथ वन डढेलो व्यवस्थापन रणनीति, २०६७ को व्यवस्था बमोजिम सम्बन्धित प्रदेश मन्त्रालय, निर्देशनालय र समुदायको समन्वयमा डढेलो व्यवस्थापन सप्ताह मनाउनु हुन अनुरोध छ।

यस विभागबाट वन डढेलो नियन्त्रण कक्ष सुचारु गरी भू-संरक्षण अधिकृत स्मृति रेग्मी (९८४००५२४६४) र फरेष्टर प्रकाश मल्ल (९८५१३२१२६२) समेतको टोली खटिई वन भौगोलिक सूचना प्रणालीमा आधारित वन डढेलो सूचना प्रणाली (Forest Fire Detection and Monitoring System in Nepal, **FFDMS**) मार्फत सबै डिभिजनल वन अधिकृत/वन कर्मचारीहरुलाई चौबीसै घण्टा वन डढेलोको सूचना प्रवाह गर्ने

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
# वन तथा भू-संरक्षण विभाग

फोन नं.: ५३२७५७४

प्राप्त पत्र संख्या र मितिः-
पत्र संख्याः- ०८१/०८२
च. नं.:- ७३६

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।
बबरमहल, काठमाडौं, नेपाल

व्यवस्था मिलाइएको छ । सशस्त्र वन रक्षक तालिम केन्द्रमा रहेको जनशक्तिलाई चौबीसै घण्टा सजग रही वन डढेलो नियन्त्रण र व्यवस्थापनमा परिचालन हुन निर्देशन दिइएको छ ।

सिमित स्रोत र साधनका बाबजुत वन डढेलो नियन्त्रण र व्यवस्थापनमा समुदाय र डिभिजनल वन अधिकृत समेतका वन कर्मचारीको भूमिका प्रभावकारी रहेकोप्रति आभार व्यक्त गर्दै डिभिजनल वन अधिकृत सहित तहाँ कार्यालयमा कार्यरत फरेष्टर, सशस्त्र वन रक्षक, र वन रक्षक समेतका कर्मचारीहरुलाई आवश्यक सुरक्षाका साथ अग्रभागमा रही वन डढेलो नियन्त्रण र व्यवस्थापन कार्यमा खट्ने खटाउने व्यवस्था गर्नु हुन सम्पूर्णमा हार्दिक अनुरोध छ ।

०८१/११/१५

बद्रिराज ढुंगाना
महानिर्देशक

<u>अवगतार्थ/बोधार्थः</u>

श्री वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाण्डौः आवश्यक सहयोगका लागि श्री रक्षा मन्त्रालय र श्री गृह मन्त्रालयलाई पत्राचार गरिदिनुहुन ।

श्री पर्यटन वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश/ श्री वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेश/ श्री वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश/ श्री वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश/ श्री वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश/ श्री उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश/ सुदुरपश्चिम प्रदेश ।

श्री प्रदेश वन निर्देशनालय (सबै प्रदेश) ।